
# क्षयरोग
# तथ्यहरु थाहा पाउनुहोस्

## क्षयरोग भनेको के हो ?

क्षयरोग (टि.वी.) त्यो रोग हो जसले अक्सर गरेर फोक्सोलाई असर गर्दछ। कहिले कहिले क्षयरोगले शरीरका अन्य अंगहरु जस्तै दिमाग, मृगौला वा मेरुदण्डलाई असर गर्दछ। उपचार नगरिएको खण्डमा क्षयरोगबाट मृत्यु हुन सकदछ।

## क्षयरोग कसरी फैलिन्छ ?

क्षयरोगका किटाणुहरु एउटा मान्छेबाट अर्को मान्छेमा हावाद्वारा फैलिन्छ। फोक्सोको अथवा घाटीको क्षयरोग भएको व्यक्तिले खोक्दा, हाँछिउ गर्दा, हास्दा वा गीत गाउँदा क्षयरोगका किटाणुहरु हावामा फैलिन्छन्। खाना खाने काटा चम्चा वा कपहरु प्रयोग गर्दा वा चुम्बन गर्दा वा ऱ्याल थुक बाट क्षयरोग अर्को व्यक्तिमा सर्दैन।



## क्षयरोगका लक्षणहरु के हुन् ?

क्षयरोग लागेका मानिसहरुले प्राय: गरी आफूलाई कमजोर अथवा बिरामी भएको महसूस गर्दछन्, उनीहरुको तौल घटदछ, उनीहरुलाई ज्वरो आउँदछ तथा रातमा पसिना आउँदछ। यदि उनीहरुलाई फोक्सोको क्षयरोग लागेको भएमा उनीहरु खोक्ने पनि गर्दछन् र उनीहरुको छाती दुख्दछ तथा उनीहरुले खोक्दा रगतै पनि निस्कन सक्छन्। शरीरको कुन अंगमा क्षयरोगले असर गरेको हुन्छ त्यस अनुसार नै अरु लक्षण देखिने कुरामा भर पर्दछ।

ASET 5/09

## क्षयरोगको रोग र क्षयरोगको संक्रमणमा के फरक छ ?

क्षयरोग लागेका मानिसहरुमा उनीहरुको शरीर भित्र क्षयरोगका धेरै किटाणुहरु सक्रिय हुने हुनाले उनीहरु **बिरामी** पर्दछन्। अक्सर गरेर उनीहरुमा एक वा एकभन्दा बढी क्षयरोगका लक्षणहरु विद्यमान रहन्छन्। यस्ता व्यक्तिहरुले क्षयरोगका किटाणु अरु व्यक्तिहरुलाई सार्न सक्दछन्। क्षयरोगले शरीरलाई सधैंको लागि नष्ट गर्न र त्यस्बाट मृत्यु पनि हुन सक्दछ। क्षयरोग निको पार्ने औषधिहरु यस्ता मानिसहरुलाई दिइन्छ।

क्षयरोगबाट संक्रमित व्यक्तिहरुको शरीरमा पनि क्षयरोगका किटाणुहरु हुन्छन्। तर धेरै किटाणुहरु यिनिहरुको शरीर भित्र नहुने हुँदा यस्ता मानिसहरु **बिरामी हुदैनन्** तथा यस्ता मानिसहरुको शरीर भित्र किटाणु सुसुप्त (सुतेको) अवस्थामा हुन्छन्। यिनीहरुले अरुलाई किटाणु सार्न सक्दैनन्। तथापि, यस्ता मानिसहरुमा पछि गएर क्षयरोग हुन सक्दछ। यदि खास गरी ती व्यक्तिहरु जो तल उल्लेख गरिएको "कसलाई क्षयरोग लाग्दछ ?" भन्ने शीर्षक अन्तरगत सूचिकृत भएको उच्च जोखिम समूह भित्र पर्दछन् उनीहरुलाई यो रोग लाग्दछ। यसरी क्षयरोगवाट संक्रमित भएका व्यक्तिहरुले आफूलाई क्षयरोग नलागोस् भन्ने हेतुले त्यसलाई रोक्नका लागि औषधि सेवन गर्न सक्दछन्।

## क्षयरोग कसलाई लाग्दछ ?

क्षयरोगवाट संक्रमित भएपछि त्यस्तो व्यक्ति (स्त्री वा पुरुष) लाई क्षयरोग लाग्ने बढी संभावना रहन्छ यदि सो व्यक्ति :

- एच आइ भि संक्रमित छ
- हालसालै मात्र क्षयरोगका किटाणुहरुबाट उ संक्रमित भएको छ (गएको २ वर्षमा)
- उसमा अन्य स्वास्थ्य सम्बन्धी समस्याहरु जस्तै मधुमेह (डायाबिटीज) रोग छन् जसले गर्दा शरीरको किटाणु संग लड्ने क्षमतालाई नष्ट बनाइ दिइएको छ
- जसले मादक पदार्थ सेवन गर्दछ अथवा गैरकानूनी लागू औषधिको सुइलिन्छ
- जसलाई पहिले क्षयरोगको संक्रमणको लागि ठिक उपचार गरिएको थिएन।

## मलाई क्षयरोग लागेको छ भन्ने कसरी पत्ता लगाउने ?

क्षयरोग लागे नलागेको हेर्न छालाको परीक्षण गराउनुहोस् अथवा क्वान्टिफेरोन टिविगोल्ड (क्यू एफ टी) ब्लड टेष्ट (रगत परीक्षण) गराउनु होस्। यी दुबै परीक्षण मध्ये जुन गराउनु हुन्छ त्यसबाट तपाइमा सकारात्मक प्रतिक्रिया देखिएमा, तपाइलाई क्षयरोगको संक्रमण भएको छ कि अथवा क्षयरोग नै लागेको भन्ने खुट्याउन सम्भवत तपाइलाई अरु परीक्षणहरु गरिने छ।

## मैले क्षयरोग सम्बन्धमा छालाको परीक्षण गराउन अथवा क्यू एफ टी लिन कहा वाट सक्दछु ?

तपाइको आफ्नो चिकित्सकबाट वा स्थानीय स्वास्थ्य विभागबाट क्षयरोग सम्वन्धित छालाको परीक्षण गराउन सक्नु हुन्छ। तपाइले आफू वसेको ठाउँको स्थानीय स्वास्थ्य विभागबाट क्यू एफ टी लिन सक्नु हुन्छ।

## क्षयरोगको परीक्षण कसरी दिइन्छ ?

क्षयरोग सम्वन्धि छालाको परीक्षण गर्नु पर्दा स्वास्थ्य कार्यकर्ताले ट्युवरकुलिन नाम गरेको परीक्षण सामाग्री हालेर एउटा सानो सुइ तपाइको छाला भित्र घुसाउदछन्। यस्तो गर्दा खास गरी तपाइको पाखुराको तल्लो भागको भित्रपट्टि गरिन्छ। परीक्षणको प्रतिक्रीया के निस्केको छ भन्ने हेर्नका लागि परीक्षण गरे पछि २ देखि ३ दिन भित्रमा परीक्षण गरिएको ठाउँमा तपाइ फेरी जानु पर्दछ। यदि प्रतिक्रिया भएको छ भने त्यस प्रतिक्रियाको आकार नापिन्छ।



स्वास्थ्य विभागले यदि तपाइलाई क्यू एफ टी पद्धतिबाट परीक्षण गर्ने काम गर्दछ भने, परीक्षणका लागि केही मात्रामा तपाइको रगत निकालिन्छ। तपाइको परीक्षणको नतीजा तपाइले कसरी पाउनु हुनेछ भन्ने कुरामा तपाइलाई निर्देशन दिइन्छ।

TBgtfcts_Nepali.indd 1
5/19/2009 1:28:11 PM


## यदि परीक्षण नकरात्मक देखिएमा के हुन्छ ?

परीक्षणको नकरात्मक नतीजाले तपाइ संक्रमित हुनुहुन्न भन्ने कुरा अक्सर दे खाउछ। तथापी, यदि तपाइ हालसालै मात्रै संक्रमित हुनु भएको छ भने पर ीक्षणको नतीजा गलत देखिन सक्छ। क्षयरोग सकरात्मक रहेको प्रतिक्रिया तपाइको छालाको परीक्षणमा निस्कनका लागि क्षयरोग लागेको व्यक्ति संग तपाइको सम्पर्क भए पछि २ देखि १० हप्ता सम्मको अवधि लाग्ने छ। यदि तपाइको प्रतिरोधात्मक प्रणालीले राम्रो संग काम गरेको छैन भने पनि पर ीक्षणको नतीजा गलत रुपमा नकरात्मक देखिन सक्दछ।

साधारणतया क्यू एफ टि परीक्षण गर्दा देखिने नकरात्मक नतीजाको मतलव हुन आउछ तपाइ संक्रमित हुनु भएको छैन।

## यदि परीक्षण सकारात्मक भएमा के हुन्छ ?

छालाको क्यू एफ टी परीक्षणवाट सकारात्मक नतीजा देखिएमा त्यस्को मतलव तपाइ क्षयरोगको किटाणुवाट संक्रमित हुनुहुन्छ भन्ने जनाउदछ। यसवाट तपाइलाई क्षयरोग लागेको छ नै भन्ने तात्पर्य चाही हुदैन। तपाइलाई क्षयरोग लागेको छ छैन भनी एकिन साथ हेर्नका लागि अरु परीक्षणहरु जस्तै एक्स रे अथवा खकारको नमूना परीक्षण गर्नु आवश्यक पर्दछ।



## मैले वि सि जी को खोप लिएको भएमा के हुन्छ ?

वि सि जी को खोप क्षयरोगको निम्ति लिइने खोप हो। यो खोप सम्युक्त राज्य अमेरीका मा व्यापक रुपमा दिइदैन, तर अरु देशहरु जहा क्षयरोग सामान्य रोगको रुपमा रहेको छ त्यहाँका शिशुहरु तथा साना साना केटाकेटीहरुलाई साधारणतया यो खोप दिइन्छ। वि सि जी को खोपले वयस्कहरुलाई साधारणतया क्षयरोगको विरुध्दमा वचाउदैन। यो लिएको भए पनि तपाइलाई क्षयरोगवाट संक्रमण वा क्षयरोग हुन सक्दछ। तपाइले वि सि जी को खोप लिए कै भए पनि, तपाइलाई क्षयरोगको संक्रमण छ कि अथवा क्षयरोग लागेको छ भनी हेर्नका लागि तपाइले छाला परीक्षण अथवा क्यू एफ टी परीक्षण गराउनु आवश्यक पर्दछ।

ASET 5/09

## मलाइ क्षयरोगको संक्रमण भएको अथवा क्षयरोग लागेको पाइएमा मैले के गर्नु पर्दछ ?

आवश्यक भएका अनुगमन परीक्षणहरु गराउनुहोस। आफ्नो चिकित्सकले दिएको सल्लाह अनुसार गर्नुहोस तथा भने अनुसार (प्रेस्काइव्ड) दिइएको औषधि सेवन गर्नुहोस। आजभोलि, क्षयरोगको रोग र क्षयर ोगको स्रकमणलाई औषधिको मदतले उपचार गर्न तथा निको पार्न सकिन्छ।




क्षयरोगको विषयमा अरु वढी जानकारी लिन अथवा क्षयरोग सम्वन्धी छालाको परीक्षण गर्नका लागि, आफ्नो चिकित्सकलाई वा स्थानीय स्वास्थ्य विभागलाई फोन गर्नुहोस।

क्षयरोग सम्वन्धमा अरु वढीजानकारी लिनका लागि हेर्नुहोसः

सी डि सी अफ टयूवरकुलोसिस एलिमिनेशन डिभिजन
(क्षयरोग उन्मुलन अन्तरगतको सरुवा रोग नियन्त्रण शाखा) को वेवसाइटमा
www.cdc.gov/tb

# क्षयरोग :



# तथ्यहरु थाहा पाउनुहोस

स्वास्थ्य तथा मानबीय सेवा विभाग
सरुवा रोग नियन्त्रण
तथा रोकथाम निकायहरु

TBgtfcts_Nepali.indd 2 5/19/2009 1:28:11 PM